विषय : नेपाली
तह : प्रविणता प्रमाणपत्र डिप्लोमा प्रथम वर्ष
(असार २०८२)

समूह "क"

बहुवैकल्पिक प्रश्नहरू (समय : २० × १ = २० मिनेट)

नाम : ........................................................................................................

रोल नं. :................................ कार्यक्रमः............................................................

समूह : ख (जुन समूह हो त्यही समूहको नामबाट उत्तर राख्न सुरु गरिएको छ)

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√ ) चिन्ह लगाउनुहोस् ।

१.तलका वर्णमध्ये द्वयोष्ठ्य वर्ण कुन हो ?
क. ए ख. व ग. क घ. त

२. *स्वास्थ्य* शब्दको अक्षर संरचना कुन हो ?
क. स्अ व्आस् थ्य्अ ख. स्वास् थ्य्अ ग. स्व्आस् थ्य्अ घ. स्आस् थ्य्

३.अनुकरणात्मक शब्द कुन होइन ?
क. फटाफट ख. कटक्क ग. कुपुकुपु घ. काठमाडौँ

४.शुद्धरूप कुन हो ?
क. ओखलढुङ्गा ख. ओखलढुङगा ग. ओख्लढुङ्गा घ. ओखल ढुङ्ङा

५.पदवियोग भन्नले के बुझिन्छ ?
क. जोडेर लेख्ने ख. खुट्टो काटेर लेख्ने
ग. छुट्याएर लेख्ने घ. चन्द्रविन्दु लागाएर लेख्ने

६.व्युत्पन्न शब्द कुन हो ?
क. समाज ख. आगो ग. घर घ. पूर्वेली

७.प्राविधिक शब्द कुन हो ?
क. सुकुम्बासी ख. नियम ग. परिचय घ. सल्लाह

८.तदित् प्रत्यय लागेको शब्द कुन हो ?
क. विज्ञान ख. प्राश्निक ग. बोल्यो घ. गएर

९.वाक्य विश्लेषणको उदाहरण कुन हो ?
क. म धेरै मिहिनेत गरेर रातभरि पढ्दा पनि प्रथम हुन सकिन ।
ख. म धेरै पढ्छु र म प्रथम हुन्छु ।
ग. म मिहिनेत गरेर पढ्दा पनि प्रथम हुन सकिन
घ. म धेरै मिहिनेत गर्छु । म रातभरि पढ्छु । म प्रथम हुन सकिन ।

१०. *मधुमालतीको कथा* कथाका लेखक को हुन् ?
क. रमेश विकल
ख. गौरी र शङ्कर
ग. मधुकर
घ. इन्द्रबहादुर राई

११. छिमेकी कथाको कथाकार इन्द्रबहादुर राईको मुख्य प्रवृत्ति तथा विशेषता .......... हो ?

क. हास्यव्यङ्ग्य खालका कथा लेख्नु

ख. प्रवासी नेपालीहरूका दुःखपीडा समेटेर कथा लेख्नु

ग. नारीले भोग्नु परेका दुःख, पीडा, अन्याय र अत्याचारको यथार्थ चित्रण गरेर लेख्नु

घ. माथिका सबै

१२. पहाडी जीवन निबन्धको मूल आशय के हो ?

क. पहाडका मानिसले झैँ सबैले दुःख गर्नुपर्ने

ख. पहाडी जीवनको वेशभूषा र जीवनशैलीको चित्रण गर्नु

ग. शिक्षाको अभाव भएको क्षेत्रलाई शिक्षित व्यक्तिहरूले कर्मक्षेत्र बनाएर राष्ट्रोत्थानको पथमा हिड्नुपर्ने

घ. नेपालको पहाडी भेगको सजिव वर्णन गर्नु ।

१३.आमाको सपना कविताका लेखक कवि गोपालप्रसाद रिमालको जन्म कहिले भएको हो ?

क. वि.सं. १९७५ख. वि.सं. १८७१ग. वि.सं. २०७५घ. वि.सं. १९४१

१४.निबन्धकार सुधा त्रिपाठीद्वारा लेखिएको *संस्कृतिको नयाँ यात्रा* निबन्धको विषयवस्तु के हो ?

क. संस्कृतिका नाममा विभिन्न भेदहरू गरिनुपर्छ

ख. संस्कृतिका नाममा भएका विभिन्न भेदहरूको अन्त्य गरी नयाँ संस्कृतिको स्थापना गर्नुपर्ने

ग.जहानिया निरङ्कुशताको अन्त्य भई प्रजातन्त्रको आगमनको हुनुपर्छ

घ. देशमा जनतालाई मौलिक हक अधिकारबाट बञ्चित गर्नुपर्छ

१५.सिपाही कथाको पात्र सिपाही कस्तो स्वभाव भएको पात्र हो ?

क. शान्त स्वभावको

ख. अर्कालाई होच्याउने

ग. हाँसीमजाक गर्ने र कुनै पनि कुरालाई गम्भीरतापूर्वक नलिने

घ. अन्तर्मुखी स्वभावको

१६.वीरेलाई स्कुल पढाउन पठाउने सल्लाह कसले किन दियो ?

क. मानेले समाजको उत्थानको लागि बहुलाकाजीले झैँ सपना देख्नुपर्ने कुरामा जोड

ख. बहुलाकाजीले समाजको उत्थानको लागि शिक्षाको प्रचारप्रसार गर्नुपर्ने कुरामा जोड दिन

ग. मानेले समाजको उत्थानको लागि भारी बोकेर जीवनयापन गर्नुपर्ने कुरामा जोड दिन

घ. भक्तेले समाजको उत्थानको लागि स्वास्थ्यको प्रचारप्रसार गर्नुपर्ने कुरामा जोड दिन

१७.कसैको भनाइलाई उद्धरण चिन्ह (" ") ले घेरेर राखेको वाक्यलाई के भनिन्छ ?

क. प्रत्यक्ष र अप्रत्यक्ष कथन ख. प्रत्यक्ष कथन

ग. मिश्रित कथन घ. अप्रत्यक्ष कथन

१८.मानुषी कविताको मूल भाव के हो ?

क. महिला र पुरुष एक अर्काका परिपूरक होइनन्

ख. पितृसत्ताको सट्टा मातृसत्ता हुनुपर्छ भनी लेखिएको कविता

ग. महिला र पुरुष एक अर्काका परिपूरक हुन्

घ. पितृसत्ता र मातृसत्तामध्ये जुन भए पनि केही फरक पर्दैन

१९.प्रथम नेपाली आधुनिक कथाकार को हुन् ?

क. लक्ष्मीप्रसाद देवकोटा ख. इन्द्रबहादुर राई

ग. विश्वेश्वरप्रसाद कोइराला घ. गुरुप्रसाद मैनाली

२०.भक्ते र माने कुन पाठका भरिया पात्र हुन् ?

क. बहुलाकाजीको सपना नाटकका ख. छिमेकी कथाका

ग. महापुरुषको सङ्गत निबन्धका घ. माथिका कुनै पनि पाठका होइनन्

***